नेपाली　/ ネパール語

# सेन्दाई शहरले दिने भत्ता "बसोबास कर छुट पाएका घरहरूलाई दिइने अस्थायी भत्ता" "जाडो यामको लागि राहत" बारे सूचना

## 1　कस्तो किसिमको भत्ता हो ?

**बसोबास कर छुट पाएका घरहरूलाई दिइने अस्थायी भत्ता** भनेको कोभिड १९ को महामारीले गर्दा विभिन्न समस्यामा परेका व्यक्तिहरूले दैनिक जीवनमा चाहिने आवश्यक मदत तुरुन्तै पाउनको लागि प्रबन्ध गरिएको भत्ता हो।

**जाडो यामको लागि राहत** भनेको अस्थायी भत्ता पाउने व्यक्तिहरूलाई मट्टीतेल जस्ता चीजहरू किन्नको लागि दिइने राहत हो। तर घरको सबै सदस्य कल्याण आश्रममा बस्छन् भने यो राहत नपाउन पनि सक्छ।

## 2　कति पैसा पाइन्छ ?

**बसोबास कर छुट पाएका घरहरूलाई दिइने अस्थायी भत्ता**　・・・・・・प्रतिघर　**100,000येन**

**जाडो यामको लागि राहत**　・・・・・・・・・・・・・・・・・・・प्रतिघर　**5,000येन**

## 3　कसले भत्ता पाउन सक्छ ?

निम्न घरभित्रमा पर्नुभयो भने यो भत्ता पाउन सक्नुहुन्छ।

**बसोबास कर छुट पाएका घरहरू**

2021 साल डिसेम्बर 10 तारिखमा बसोबास दर्ता सेन्दाई शहरमा भएको अनि घरका सबै सदस्यलाई 2021 आर्थिक वर्षको बसोबास करमध्ये बराबर कर छुट पाएका घरहरू (सबैलाई लागू नहुन सक्छ।)

**सामाजिक सुरक्षा पाएका घरहरू**

सेन्दाई शहरबाट सामाजिक सुरक्षा पाइरहेका घरहरू

**पारिवारिक बजेट अचानक परिवर्तन भएका घरहरू**

आवेदन दिएको दिनमा तपाईंको बसोबास दर्ता सेन्दाई शहरमा भएको हुनुपर्छ र कोभिड १९ले गर्दा 2021 जनवरी देखि यता पारिवारिक बजेटमा अचानक परिवर्तन भएको अनि बसोबास कर छुट पाएका घरहरू जस्तै अवस्थामा भएका घरहरू

## 4　भत्ता पाउन कसरी अनि कहिलेसम्ममा आवेदन दिनुपर्छ ?

**बसोबास कर छुट पाएका घरहरू** वा **सामाजिक सुरक्षा पाएका घरहरू** भएमा

- 2022 साल जनवरी अन्ततिर देखि फेब्रुअरीभित्रमा सेन्दाई शहरबाट आवेदनको लागि आवश्यक कागजातहरू आउँछन्।
- कागजातहरू पाउनुभयो भने आवश्यक जानकारीहरू भरेर सेन्दाई शहरमा हुलाकद्वारा पठाउनुहोस्।
- फाराम भर्ने तरिका विदेशी भाषामा बुझ्न चाहनुहुन्छ भने सेन्दाई शहरको वेब पेज हेर्नुहोस्।
- आवेदन दिने म्याद **2022साल मे 31तारिख (मंगलबार) सम्म** हो।

↑सेन्दाई शहरको वेब पेज

**<कागजातको नमुना> (2021साल जनवरी 1तारिखसम्ममा सेन्दाई शहरमा बसाइँ सरेकाहरू)**




**<कागजातको नमुना> (2021साल जनवरी 2तारिखभन्दा पछि सेन्दाई शहरमा बसाइँ सरेकाहरू)**



**पारिवारिक बजेट अचानक परिवर्तन भएका घरहरू** भएमा

- प्रत्येक वडा कार्यालय र त्यसको शाखा कार्यालय अनि सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र जस्ता ठाउँहरूमा आवेदन फाराम पाउन सकिन्छ।
  तल दिइएको "'बसोबास कर छुट पाएका घरहरूलाई दिइने अस्थायी भत्ता' तथा 'जाडो यामको लागि राहत'को लागि टेलिफोन"लाई कल गर्नुभयो भने तपाईंको घरमा हुलाकद्वारा आवेदन फाराम पठाइनेछ।
- आवश्यक जानकारी आवेदन फाराममा भरेपछि फाराम सँगसँगै पठाइएको जवाफ दिने खाममा अरू आवश्यक कागजातहरूसँगै हालेर हुलाकद्वारा सेन्दाई शहरमा पठाउनुहोस्।
- आवेदन दिने म्याद **2022 साल सेप्टेम्बर 30 तारिख (शुक्रबार) सम्म** हो।

( **जाडो यामको लागि राहत** को आवेदन पनि दिन चाहनुहुन्छ भने 2022 साल मे 31 तारिख (मंगलबार) सम्ममा आवेदन बुझाउनुहोस्।)

## 5 भत्ताको विषयमा कहाँ सल्लाह गर्न सकिन्छ ?

**भत्ताको विषयमा सोधपुछ गर्न चाहनुहुन्छ भने निम्न नम्बरलाई फोन गर्नुहोस्।**

**'बसोबास कर छुट पाएका घरहरूलाई दिइने अस्थायी भत्ता' तथा 'जाडो यामको लागि राहत'को लागि टेलिफोन**

**☎ 0120−489−048**

**【रिसेप्सनको समय】सोमबारदेखि शुक्रबारसम्म बिहान ８:３０देखि बेलुका ７：００सम्म**

※फेब्रुअरी महिना मात्र सप्ताहन्त र बिदाको दिनमा पनि रिसेप्सन खुल्छ। (बिहान ９：００देखि साँझ５：００सम्म)

**【उपलब्ध भाषा】जापानी, अंग्रेजी, चिनियाँ, कोरियाली, भियतनामिज, नेपाली जस्ता 21वटा भाषामा**

## 6 अक्सर सोधिने प्रश्नहरू

Ｑ１：म विदेशी भए पनि भत्ता पाउन सक्छु ?
Ａ１：पहिलो पानाको बुँदा 3मा लेखिएका सर्तहरू पूरा गर्नुभएको छ भने विदेशी भए पनि भत्ता पाउन सक्नुहुन्छ।

Ｑ２：आफू बसोबास कर छुट पाएको घरमा पर्छु कि पर्दिनँ भन्ने कुरा मलाई थाह छैन, के गर्ने ?
Ａ２：जागिर खानुभएको हो भने कम्पनीले दिने वार्षिक आयकर कट्टी पत्र जस्ता कागज हेरेर पक्का गर्नुहोस्। यदि बुझ्नुभएन भने माथि बुँदा 5मा उल्लेखित नम्बरलाई फोन गर्नुहोस्।

Ｑ３：म भर्खर 2021साल जनवरी २तारिखभन्दा पछि जापानमा आएँ। त्यसैले अझै करको सन्दर्भमा केही कदम चालेको छैनँ। मैले पनि भत्ता पाउन सक्छु कि ?
Ａ３：2021 आर्थिक वर्षको बसोबास कर तपाईंलाई लाग्दैन, त्यसैले 2021साल डिसेम्बर 10तारिखसम्ममा तपाईंको बसोबास दर्ता भइसकेको छ भने भत्ता पाउन सक्नुहुन्छ। साथै घरका सदस्यहरू 2 जनाभन्दा बढी छन् भने सबै सदस्यले 2021 आर्थिक वर्षको बसोबास करमध्ये बराबर कर छुट पाएमा मात्र भत्ता पाउन सक्नुहुन्छ।

Ｑ４：आवेदन फाराम भर्ने तरिका मैले बुझिनँ। कसरी सिक्न सक्छु ?
Ａ４：सेन्दाई शहरको वेब पेजमा आवेदन फाराम भर्ने तरिका विभिन्न भाषामा बताइएको हुनाले पहिला त्यो वेब पेज हेर्नुहोस्।
बुझ्नुभएन भने माथि बुँदा 5मा उल्लेखित नम्बरलाई फोन गर्नुहोस्।

सेन्दाई शहरको वेब पेज →

Ｑ５：मलाई जापानिज लेख्न आउँदैन। कहाँ जाँदा आवेदन फाराम भर्ने तरिका सिक्न सक्छु ?
Ａ５：जापानी भाषा बोल्न सक्ने व्यक्तिसँग "अस्थायी भत्ता कार्यालय केन्द्र"सम्म आउनुहोस्।
कार्यालयको ठेगाना SSसेन्दाई बिल्डिङ 9F, 4-7-17 इचिबान्चो, आओबा वडा, सेन्दाई हो।

कार्यालय केन्द्रको नक्सा (Google म्याप) →

Ｑ６：मेरो बसोबास दर्ता अर्कै शहरमा छ। तर ＤＶको सिकार भएर अहिले सेन्दाई शहरमा शरण लिन आएको छु। मैले भत्ता पाउन सक्छु कि ?
Ａ６：भत्ता पाउने सम्भावना हुने भएकोले माथि उल्लेखित नम्बरलाई (0120-489-048) फोन गर्नुहोस्।

Ｑ７：भत्ताको विषयबाहेक अरू विषयमा पनि विदेशी भाषामा सल्लाह गर्न सकिन्छ ?
Ａ７：अरू विभिन्न विषयमा विदेशी भाषामा सल्लाह गर्न "सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र" लाई फोन गर्नुहोस्।
फोन नम्बर：０２２-２２４-１９１９ (बिहान ９:００देखि साँझ ５：００सम्म)